REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 03.01.2025

सिएम तमु(गुरूङ) लोछार उत्सवमुख्यमन्त्री श्री प्रेमसिंह तामाङले भन्नुभएको छ राज्य सरकार सबै समुदायको भाषा, साहित्य संस्कृति र परम्पराको संरक्षण गर्न कृतसंकल्प छ। उहाँ आज पाकिम जिल्लाको पारखामा राज्य स्तरीय गुरूङ तमु लोछार उत्सव समारोहलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दैहुनुहुन्थ्यो। श्री तामङले भन्नुभयो यस प्रकारको उत्सवले गुरूङ समुदायका सदस्यहरूलाई एउटै मञ्चमा एकसित गराउँछ र युवा पिढीलाई पनि यस्तै मार्ग अप्नाउन प्रोत्साहित गर्दछ। मुख्यमन्त्रीले संस्कृति र परम्पराको सरंक्षणका लागि सरकारको तर्फबाट सबै आवश्यक सहायता प्रदान गरिने आश्वासन दिनुभएको छ। सिक्किम सरकारले छुप्छा छोलिङ गुरूङ गुम्पाका लागि जमीन खरीद गर्न पचहत्तर लाख उपलब्ध गराउने कुरा बताउँदै उहाँले भन्नुभयो पारखामा चियाको खेतीका निम्ति पचास लाख रूपियाँ दिइएको छ। गुम्पा, धार्मिक संस्थानहरू र सड़कहरूको रखरखाउ अनि छोछेन झीलको विकासका लागि धनराशि स्वीकृत गरिने जनाउँदै श्री तामङले कार्थोक पाकिममा मुख्यमन्त्री धनुकाँड़ टुर्नामेण्ट शुरू गर्ने घोषणा गर्नुभयो। कार्थोकमा जिल्ला स्तरीय धनुकाँड़ प्रशिक्षण संस्थान निर्माण गरिने भएको छ। यसअघि आफ्नो वक्तव्यमा मन्त्री तथा राज्य स्तरीय गुरूङ तमु लोछार उत्सवका मुख्य संरक्षक श्री पूरण गुरूङले पारखामा उत्सव आयोजनमा सहयोगका लागि मुख्यमन्त्रीप्रति आभार प्रकट गर्नुभयो। उहाँले पारखा गुम्पामा शेडा र पाकिम जिल्लामा रोदीघर निर्माण गर्ने माँग प्रस्तुत गर्नुभयो। कार्यक्रममा बोल्दै नाथाङ माचोङकी विधायक तथा उत्सवकी संरक्षक श्रीमती पामिन लेप्चाले क्षेत्रका गुम्पा, धार्मिक संस्थानहरू र बाटोघाटोको मरम्मति तथा रखरखाउ गर्ने मांग गर्नु भएको थियो। समारोहमा राज्य विधानसभा अध्यक्ष श्री एम एन शेर्पा, उपाध्यक्ष श्रीमती राजकुमारी थापा, मंत्रीगण, विधायकवर्ग अनि राज्यसँगै छिमेकी दार्दीलिङ, कालेबुङ, सिलगड़ी, डुवर्स र नेपालका प्रतिनिधिहरूको उपस्थित थिए।

सिएम गुम्पा भिजिट

यसअघि मुख्यमन्त्रीले पारखा जाँदा बाटामा छुप्चा छोलिङ दुछी पारखा गुरूङ गुम्पाको भ्रमण गर्नुभयो। गुम्पामा उहाँले राज्यका मानिसहरूको तर्फबाट पूजा आराधना गर्नुभयो। श्री तामाङले भन्नुभएको छ- केही महीना भित्रमा गुम्पाको निर्माण कार्य पूरा भएपछि यसले क्षेत्रको दृश्य आकर्षण बढ़ाउनका साथै क्षेत्रको आध्यात्मिक महत्वलाई प्रकाशमा ल्याउनेछ।

सिएस मिट्स गभर्नर

मुख्य सचिव श्री आर तेलांगले हिजो राजभवनमा राज्यपाल श्री ओम प्रकाश माथुरसित शिष्टाचार भेट गर्नुभयो। भेटघाटका बेला राज्यपालले मुख्य सचिवको पदमा नियुक्तिका लागि श्री तेलांगलाई बधाई दिँदै आगामी कार्यकालका लागि शुभकामना प्रकट गर्नुभयो। श्री माथुरले आफ्नो सेवाकालमा श्री तेलांगले नयाँ दायित्वहरूको निर्वहण पूर्ण निष्ठा र समर्पणका साथ गर्नुहुनेछ भन्ने आशा व्यक्त गर्नु भएको छ।

फुटबल

मुख्यमन्त्री स्वर्णकप फुटबल टुर्नामेण्ट आँउदो बिहीवार नौ जनवरीदेखि नाम्चीमा शुरू हुनेभएको छ। नाम्ची जिल्ला फुटबल संघको आज जोरथाङमा आयोजित पत्रकार सम्मेलनमा यस्तो आशयको जानकारी दिइएको हो। पत्रकार सम्मलेनमा अन्य बाहेक जूम सालघारी समष्टिका विधायक तथा मकर संक्रान्ति माघे मेला 2025 का प्रमुख संरक्षक श्री मदन सिन्चुरी उपस्थित हुनुहुन्थ्यो। यसमा बोल्दै नाम्ची जिल्ला फुटबल संघका अध्यक्ष श्री वसन्त योञ्जनले भन्नुभयो टुर्नामेण्टमा सिक्किम र देशका बिभिन्न भागका गरी बाह्र टीमले भाग लिनेछन्। उहाँले बताउनु भए अनुसार मुख्यमन्त्री स्वंयद्वारा प्रायोजना गरिने टुर्नामेण्टमा बिजेता टीमलाई बीस लाख र उपबिजेता दललाई दस लाख रूपियाँ प्रदान गरिनेछ। टुर्नामेण्टको फाइनल एक्काइस जनवरीका दिन हुनेछ।

बाइक र्याली

नाम्ची जिल्लाको जोरथाङमा आयोजित हुने माघे संक्रान्ति मेलालाई लिएर विभिन्न कार्यक्रमहरू शुरू भएका छन्। यसको एक भागको रूपमा आज जोरथाङ फुटबल स्टेडियममा मोटर बाइक र्याली आयोजित भयो। क्षेत्र विधायक श्री मदन सिञ्चुरीले र्यालीलाई झण्डी

हल्लाएर प्रस्थान गराउनुभयो यसमा सिक्किम र छिमेकी राज्यहरूका गरी लगभग पैंसठीजना बाइक यात्रीहरूले भाग लिए। जोरथाङबाट शुरू भएको र्याली दार्जीलिङ, कालेबुङ, मल्ली र अन्य प्रमुख स्थलहरू हुँदै जोरथाङमै आएर समाप्त भयो।

डिस्ट्रिक लेभल प्री राउड फुटबल

मकर संक्रान्ति समारोह अन्तर्गत अन्तर समष्टि फुटबल टुर्नामेण्टको जिल्ला स्तरीय प्रारम्भिक चरणको खेल नाम्चीको भाइचुङ स्टेडियममा आजदेखि आरम्भ भएको छ। यसमा सात समष्टिका सात टीमले भाग लिइरहेछन्। जिल्ला स्तरको बिजेता टीमले राज्य स्तरीय अन्तर समष्टि फुटबल टुर्नामेण्टमा जिल्लाको प्रतिनिधित्व गर्नेछन् जो नौ जनवरीदेखि जोर्थाङ फुटबल स्टेडियममा खेलिनेछ।

वेदर राज्यमा अहिले दिन घमाइलो भएर आकाश खुल्ला भए भएतापनि तापमानमा केही कमी देखिएकोले मानिसहरूलाई निकै जाड़ोको अनुभव गराइरहेछ। स्थानीय मौसम विज्ञान विभागबाट प्राप्त जानकारी अनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा न्यूनतम तापमान सात डिग्री सेल्सियस रेकार्ड गरियो।